## खण्ड १: दरभाउपत्रको सूचना

# *शिलबन्दी दरभाउपत्र आह्वानको सूचना*

## *(औषधि खरिद)*

**ठेक्का नं.१ -०७७/०७८**

(पहिलो पटक  प्रकाशित मितिः- (२०७७।०८।११)

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क वितरण गरिने औषधि खरिद गर्न को लागि प्राप्त हुन आएको बजेट रकमबाट यस कार्यालयलाई आवश्यक पर्ने औषधिहरु खरिद गर्नु पर्ने भएकोले  ईच्छुक फर्म, सप्लायर, वा कम्पनिहरुबाट देहायका शर्तका अधिनमा रही सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु १०००।- (अक्षरेपी रु.एक हजार मात्र - (पछि फिर्ता नहुने) तिरी प्राप्त गरेको रसिद, आ.व.०७७/०७८ का लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र/औषधि व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र कर चुक्ता वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि निवेदन साथ संलग्न राखी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । दाखिला भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र  दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । एक पटक दर्ता भएको दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

३. दरभाउपत्र को म्याद  खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिनसम्मको लागि मान्य हुनेछ । शिलबन्दी दरभाउपत्रसाथ नेपाल भित्रको कुनै वाणिज्य बैंकले जारी गरेको दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ७५ दिन  मान्य अवधि भएको रु-५०,०००।- ( अक्षरेपी रु.पचास हजार मात्र ) को बैंक ग्यारेण्टी  अथवा बेलडाडी गाउ पालिका गाउ कार्यपालिको कार्यालय बेलडाडी कंचनपुरको एनएमबि  बैंक, लि.बेलडाडी शाखामा रहेको धरौटी हिसाब नं. ११८००६७४००५०००४१ मा नगद जम्मा गरेको सक्कलै दोश्रो प्रति भौचर पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा शिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा शिलबन्दी दरभाउपत्र र शिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

५ म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६ कुनै वा सबै शिलबन्दी दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

७ यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । यस सम्बन्धि विस्तृत जानकारीको लागि दरभाउपत्र फाराम (Bid Document)अध्ययन गर्न हुन र थप बुझ्न आवश्यक भएमा यस कार्यालय मा सम्पर्क गर्न सकिने छ ।

**तपसिलः**

| सि.नं. | दरभाउपत्र नं. | विवरण | लागत अनुमान (मु.अ.कर समेत) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | १-०७७/०७८ | BOQ अनुसार औषधी खरिद | ~~[illegible]~~ १४,०००००।- | ५०,०००।- |

प्रमुख प्रसासकीय अधिकृत

गणेश दत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत